# जलवायु परिवर्तन
# CLIMATE CHANGE

## शब्दावली (Glossary)



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# जलवायु परिवर्तन
# CLIMATE CHANGE

## शब्दावली (Glossary)

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक :  नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण :  वि.सं. २०७१

# हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको मुख्य आधार हो । यसको प्रभावकारी कार्यान्वयमा नै देशले निर्दिष्ट गरेको गुणस्तरियताको अपेक्षा गर्न सकिन्छ । अतिरिक्त पाठ्य पुस्तक, शिक्षक निर्देशिका, स्वअध्ययन सामग्री, शब्दकोष, शब्दावली जस्ता सामग्रीहरूको उपलब्धता तथा प्रयोगले पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्छ । यसै सन्दर्भमा हावापानी परिवर्तनसँग सम्बन्धित विषय वस्तुलाई शिक्षण गर्न शिक्षण कार्यमा र एकरूपताका लागि शिक्षण प्रक्रियालाई व्यावहारिक तथा उद्देश्यमूलक बनाउन सहयोग पुऱ्याउने अभिप्रायले यो प्राविधिक शब्दावली तयार पारिएको छ ।

यो शब्दावली पाठ्यक्रम तथा पाठ्य पुस्तकमा समावेश गरिएका हावापानी परिवर्तन/जलवायु परिवर्तनसँग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थहरूको सँगालो छ । यसका अतिरिक्त यस शब्दावलीमा हावापानी परिवर्तनसँग सम्बन्धित स्वअध्ययन सामग्री र शिक्षक निर्देशिका प्रयोग भएका एवम् विषयको प्रकृति तथा स्वरूपअनुसार विशिष्ट तथा निश्चित अर्थ दिने शब्दहरू सङ्कलन गरी तिनीहरूको अर्थ प्रस्तुत गरिएको छ । तसर्थ यस सामग्रीबाट सम्बन्धित विषयका शिक्षक, विद्यार्थी तथा अन्य प्रयोग कर्ताहरू लाभान्वित हुने अपेक्षा यस केन्द्रले गरेको छ ।

यो प्राविधिक शब्दावलीको लेखन कार्य प्रा. डा. अञ्जना सिंह, पर्वत ढुङ्गाना, दीपक पराजुली, उद्धव कार्की र डम्बरध्वज आङ्देम्बे सम्मिलित कार्यदलबाट भएको हो । साथै यस शब्दावलीको विकासमा कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल, उपनिर्देशक डा. बालकृष्ण रञ्जित र सुरेन्द्र आचार्य, रामप्रसाद सुवेदी र डा. अञ्जना शाक्यज्यूको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरेबाट र टाइप तथा लेआउट डिजाइन जयराम कुइँकेलबाट भएको हो । यस शब्दावलीको प्रकाशन यस केन्द्रको पहिलो प्रयास हो । यसलाई अझ परिस्कृत बनाउन सम्बन्धित क्षेत्रका विज्ञ एवम् प्रयोग कर्ताहरूबाट रचनात्मक सहयोगको यस केन्द्र हार्दिक स्वागत गर्दछ ।

यो शब्दावली विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट कार्यान्वयनमा रहेको जलवायु परिवर्तन समानुकुलन नमुना कार्यक्रम अन्तगर्तको कम्पोनेन्ट थ्री, विकास आयोजनाहरूमा जलवायू परिवर्तन जोखिम व्यवस्थापन मुलप्रवाविकरण (जलवायू लगानी कोषको आर्थिक सहयोग र एसियाली विकास बैङ्कको व्यवस्थापन) को सहयोगमा तयार गरिएको हो । साथै यसको विकास कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा यस केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

पाठ्यक्रम विकास केन्द्र

**अतिक्रमण (Encroachment)**

वातावरण संरक्षणलाई बेवास्ता गरी प्राकृतिक स्रोतहरूलाई जथाभावी उपभोग गर्नु तथा निका वासस्थान ओगट्नु र दुरुपयोग गर्नु अतिक्रमण हो ।

**अतिवृष्टि (Heavy Rainfall)**

वर्षा हुँदा ०.३० इन्च (०.७६ से.मी.) प्रति घण्टाभन्दा बढी पानी परेमा त्यसलाई अतिवृष्टि भनिन्छ ।

**अनवीकरणीय ऊर्जा (Non-renewable Energy)**

नवीकरण वा पुन: उत्पादन हुन हजारौँ वर्ष लाग्ने प्राकृतिक ऊर्जाका किसिमहरूलाई अनवीकरणीय ऊर्जा भनिन्छ । प्राकृतिक ग्यास, खनिज तेल (पेट्रोल, डिजेल, मट्टितेल) कोइला आदि अनवीकरणीय ऊर्जाका स्रोतहरू हुन् । यस्ता ऊर्जा वा इन्धन निकाल्दै जाँदा खानी सिद्धिन्छ र यसको प्रयोगबाट विभिन्न किसिमका प्रदूषण पनि हुन्छ ।

**अनुकूलन (Adaptation)**

वातावरणसँग मिल्दो जीवन शैली अर्थात् जीवले आफ्नो अस्तित्व बचाउन वरिपरिको वातावरणसँग बाहिरी रूप, संरचना तथा प्रक्रियामा परिवर्तन गरेर आफैँले आफूलाई वातावरणमा अनुकूल हुने र जलवायु परिवर्तनको प्रभावलाई बुझेर सो अनुरूप ढाल्ने प्रवृत्तिलाई अनुकूलन भनिन्छ ।

अनुकूलनले जलवायु परिवर्तनले गर्दा हुने असरहरूलाई न्यूनीकरण गर्नुका साथै परिवर्तनबाट फाइदा लिन सक्ने सम्मका कुराहरूलाई समेट्छ ।

**अपानुकूलन (Mitigation)**

हरित गृह ग्यास उत्सर्जनलाई कटौती वा कम गर्न अपनाइने क्रियाकलापलाई अपानुकूलन भनिन्छ ।

**अम्ल वर्षा (Acid Rain)**

वायु मण्डलमा रहेका नाइट्रोजन र सल्फरका अक्साइडहरू जलवाष्पसँगको प्रतिक्रियापछि अम्लका रूपमा हुने वर्षालाई अम्ल वर्षा भनिन्छ ।

**आई.यु.सी.एन्.- विश्व संरक्षण सङ्घ (International Union for Conservation Natural and Nature Resources - IUCN)**

आई.यु.सी.एन.ले प्रकृति तथा प्राकृतिक स्रोत संरक्षणका लागि कार्यरत अन्तर्राष्ट्रिय सङ्घ हो । यो प्रकृति तथा प्राकृतिक स्रोत संरक्षणका लागि अन्तर्राष्ट्रिय सङ्घ हो । प्रकृति तथा वातावरण संरक्षणमा कार्यरत यो अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नेपाल लगायत १३३ देशमा सक्रिय रहेको छ । नेपाल लगायत ४० भन्दा बढी राष्ट्रहरूमा यसले राष्ट्रिय संरक्षण कार्यनीतिको तर्जुमा र कार्यान्वयन गर्न सहयोग गरेको छ । यस सङ्घको स्थापना सन् १९४८ मा भएको हो ।

**आई. पी. सी. सी. (Intergovernmental panel on Climate Change, IPCC)**

**जलवायु परिवर्तनमा अन्तरसरकारी प्यानल**

आई पी. सी. सी. ले जलवायु परिवर्तन सम्बन्धी आधिकारिक, सत्य, वैज्ञानिक ज्ञान र बुझाइ प्रदान गर्दछ । यस संस्थाले जलवायु परिवर्तन सम्बन्धी तथ्याङ्कहरूको अध्ययन, विश्लेषण, प्रक्षेपण र नीति निर्धारण गर्न विश्व समुदायलाई सचेत गराउने काम गर्छ ।

**आणविक ऊर्जा (Nuclear Energy)**

आणविक भट्टीमा आणविक प्रतिक्रियाबाट उत्पन्न ऊर्जालाई आणविक ऊर्जा भनिन्छ ।

**आणविक विकिरण (Nuclear Radiation)**

आणविक वस्तुको विखण्डनबाट उत्पन्न हुने विकिरण आणविक विकिरण हुन्, जस्तै : अल्फा, बिटा, गामा विकिरण आदि । आणविक ऊर्जा प्राप्त गर्दा यस्ता विकिरणहरू उत्पन्न हुन

सक्दछन् । आणविक विकिरण शरीरका लागि अत्यन्त हानिकारक मानिन्छ ।

**आद्रता (Humidity)**

हावामा भएको जलवाष्पको मात्रालाई आद्रता भनिन्छ ।

**उच्च हिमाली जलवायु (Alpine Climate)**

समुद्र सतहबाट 4000 मी. देखि माथिका क्षेत्रहरू, जहाँ प्राय: बारै महिना हिउँ परिरहने र अत्यधिक चिसो हुने हावापानीलाई उच्च हिमाली जलवायु (Alpine climate) भनिन्छ । सामान्यत: यस प्रदेशमा मानव बसोबास हुँदैन ।

**उत्सर्जन (Emission)**

मानवीय गतिविधिले गर्दा पृथ्वीको वायु मण्डलमा ग्यास, ताप, विकिरण आदि उत्पन्न तथा विसर्जन हुने कार्यलाई उत्सर्जन भनिन्छ ।

**उष्ण जलवायु (Tropical Climate)**

सामान्यतया समुद्री सतहबाट औसत १००० मिटर उचाइसम्मको जलवायुलाई उष्ण जलवायु भनिन्छ । उष्ण जलवायु भएको स्थानमा अति गर्मी हुन्छ ।

**ऊर्जा (Energy)**

कुनै पनि कार्य गर्न आवश्यक पर्ने शक्ति, जस्तै : सौर्य शक्ति, विद्युत् शक्ति, जैविक शक्ति आदि ।

**ऊर्जा चक्र (Energy Cycle)**

आहारा शृङ्खलाका विभिन्न पोषणस्तर हुँदै ऊर्जाको प्रवाह भई सौर्य ऊर्जा एक स्तरबाट अर्को स्तरमा पुग्नु नै ऊर्जा चक्र हो ।

**ऊर्जा संरक्षण (Energy Conservation)**

ऊर्जाका स्रोतको (इन्धन) प्रयोग गर्दा ऊर्जा खेर जान नदिने कार्य ऊर्जा संरक्षण हो ।

**ऊर्जा स्रोत (Energy Source)**

शक्ति उत्पादन गर्न प्रयोग गरिने स्रोतहरू, जस्तै : काठ, दाउरा, कोइला, सौर्य ताप, वायु शक्ति आदि ऊर्जा स्रोत हुन् ।

**ओजोन (Ozone) $O_3$**

अक्सिजनको तिन ओटा परमाणु मिलेर बनेको ग्यास ओजोन हो जसले सूर्यबाट आउने हानिकारक परावैजनी किरणलाई पृथ्वीसम्म आइपुग्नमा रोक्ने गर्छ ।

**ओजोन तहको विनाश (Ozone depletion)**

पृथ्वीको वायु मण्डलको समताप मण्डलमा रहेको ओजन तह विभिन्न कारणले पातलिँदै जाने प्रक्रियाहरूलाई ओजन तह विनाश भनिन्छ । क्लोरोफ्लोरो कार्बन जस्ता ग्यासका अणुहरूले वायु मण्डलमा रहेको आजोन तहलाई विनाश गर्ने गर्दछन् ।

**औद्योगिक प्रदूषण (Industrial Pollution)**

विभिन्न किसिमका कल कारखानाहरू सञ्चालन गर्दा निस्कने धुलो, धुवाँ, रसायन पदार्थ, ग्यास निस्कँदा हुने प्रदूषण नै औद्योगिक प्रदूषण हो ।

**औद्योगिक फोहोर मैला (Industrial waste)**

औद्योगिक उत्पादन गर्दा बाँकी रहेका र उपयोगमा नआउने ठोस, तरल तथा ग्यास जस्ता फोहोर मैलालाई औद्योगिक फोहोर मैला भनिन्छ । यस्ता फोहोर मैला हानिकारक पनि हुन सक्छन् ।

**औद्योगिकीकरण (Industrialization)**

मानव विकासको इतिहासमा उद्योगहरूको व्यापक रूपमा वृद्धि भएको समय वा कुनै देश वा ठाउँमा उद्योगहरू धेरै स्थापना भएमा त्यसलाई

औद्योगिकीकरण (Industrialization) भनिन्छ ।

## कम्पोस्ट (Compost)

झारपात, फलफुलका बोक्रा, तरकारीको बाँकी भाग, वस्तुभाउको मलमूत्र आदिलाई कुहाई तयार पारिएको प्राङ्गारिक मललाई कम्पोस्ट भनिन्छ । यस्तो मलले वातावरणलाई असर गर्दैन । यस्तो मल वातावरण मैत्री हुन्छ ।

## कार्बन अवशोषण (Carbon Sequestration)

वायु मण्डलमा रहेको कार्बनडाइअक्साइडलाई सोसेर लामो समयसम्म प्राकृतिक कार्बन भण्डार, जस्तै : माटो, बोट बिरुवामा भण्डारण हुने प्रक्रियालाई कार्बन अवशोषण भनिन्छ ।

## कार्बनडाइअक्साइड (Carbondioxide, $CO_2$)

कार्बनको एक परमाणु र अक्सिजनको दुई परमाणु मिली बनेको यौगिकलाई कार्बनडाइअक्साइड भनिन्छ । कार्बनडाइअक्साइड वायु मण्डलमा ग्यासका रूपमा रहको हुन्छ । मानिसले स्वास फेर्दा जैविक इन्धन उपयोग गर्दा र औद्योगिक गतिविधिमा कार्बनडाइ अक्साइड उत्सर्जन हुन्छ ।

## कार्बन पद चिह्न (Carbon Foot Print)

कुनै व्यक्ति वा समूहले विभिन्न वस्तु उपयोग गर्दा वा नियमित काममा हुने जम्मा हरित गृह ग्यास उत्सर्जनलाई कार्बनडाइअक्साइडसँग समतुल्य गरी मापन गर्ने गरिन्छ । यसलाई कार्बन पद चिह्न भनिन्छ ।

## कार्बन भण्डार (Carbon Pool)

पृथ्वीमा रहेका कार्बन रहने स्थान जसले भण्डारण गरेको कार्बन आवश्यकताअनुसार प्राकृतिक चक्र वा उपयोगमा जान सक्छ त्यस्तो भण्डारणलाई कार्बन भण्डार (carbon pools) भनिन्छ ।

## कार्बन व्यापार (Carbon Trading)

क्योटो अभिसन्धिले निर्धारण गरेको लक्ष्य कबुल गर्ने कुनै देशले उत्सर्जनलाई लक्ष्यभन्दा बढी घटाउन सकेमा लक्ष्यभन्दा बढी घटाएको ग्यासको मात्रालाई कार्बन क्रेड्रिट भनिन्छ र यो कार्बन केड्रिट किनेर अरू विकसित देशहरूले आफ्नो लक्ष्य पुरा गर्ने प्रक्रियालाई कार्बन व्यापार भनिन्छ ।

## कार्बन मौज्दात (Carbon Stock)

प्राकृतिक रूपमा छोटो वा लामो जति पनि समयको लागि भए पनि र विभिन्न स्वरूपमा रहेको कार्बनको जम्मा मात्रालाई कार्बन मौज्दात भनिन्छ । कार्बन भण्डार (carbon pool/reservoir) र कार्बन सञ्चय (carbon sink) लाई समग्रमा कार्बन मौज्दात भनिन्छ । माटामा, बिरुवामा, समुद्र, वायुमण्डल आदिमा विभिन्न स्वरूपमा रहेको कार्बन नै कार्बन भण्डारका उदाहरण हुन् ।

## कार्बन सञ्चय (Carbon Sink)

धेरै लामो समयसम्म कार्बनलाई विभिन्न कार्बन यौगिकका रूपमा परिवर्तन भइ भएको सञ्चयलाई कार्बन सञ्चय भनिन्छ । कार्बन भण्डारमा रहेको कार्बन छिट्टै उपयोगमा आउने तर सञ्चय भएको कार्बन लामो समय उपयोगमा नआउने कार्बन हो । कार्बन सञ्चय बढाउनु भनेको जलवायु परिवर्तनका चुनौती कम गर्ने बाटो लिनु हो ।

## काला पत्थर घोषणा पत्र (Kala Patthar Declaration)

सन् २००९ डिसेम्बर ४ का दिन नेपाल सरकारले सगरमाथाको आधार शिविर काला पत्थर (5412m) मा मन्त्रिपरिषद्को बैठक गरी जलवायु परिवर्तनबाट सगरमाथा लगायतका हिम श्रृङ्खलाको संरक्षण गर्न १० बुँदे घोषणा पत्र जारी गरेको थियो जसलाई काला पत्थर

घोषणा पत्र भनिन्छ ।

### कुहिरो (Fog)

विभिन्न तापक्रम भएको हावामा रहेका पानीका ससाना कण, धुलो, धुवाँ, रासायनिक विकार आदि एक आपसमा मिली बनेको हुस्सुलाई कुहिरो भनिन्छ । यो फैलिँदा वरपरको दृश्यावलोकनलाई अवरुद्ध गर्दछ ।

### कोइला (Coal)

जमिनमुनि पाइने कार्बन युक्त जीवाश्म इन्धन कोइला हो । यो लाखौँ वर्षसम्म जमिनमुनि थिचिएका प्राङ्गारिक वस्तुहरूबाट बन्छ ।

### कोमल पृथ्वी (Fragile Earth)

विभिन्न प्राकृतिक तथा मानवीय क्रियाकलापबाट पर्ने असरहरू वहन गर्ने क्षमता कम हुँदै गएको पृथ्वीको अवस्थालाई कोमल पृथ्वी भनिन्छ । विभिन्न वातावरणीय समस्याहरू, जस्तै : हरित गृह प्रभाव, ओजोन तह विनाश, अम्ल वर्षा, जैविक विविधताको ह्रास, भूक्षय आदिका कारण पृथ्वी कमजोर बन्दै जान्छ ।

### कोमल पारिस्थितिक प्रणाली (Fragile Ecosystem)

प्राकृतिक तथा मानवीय क्रियाकलापहरूबाट पर्ने असरहरू वहन गर्ने क्षमता कम भएको पद्धतिलाई कोमल पारिस्थितिक प्रणाली भनिन्छ ।

### कीटनाशक विषादी (Insecticide)

कीरालाई मार्ने वा भगाउने उपयोग हुने विभिन्न रसाइनहरू, जस्तै : मेटासिड, मालाथिन आदिलाई कीटनाशक विषादी भनिन्छ ।

### क्यानकुन सम्झौता (Cancun Agreement)

सन् २०१० मा मेक्सिकोको क्यानकुनमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी १६ औँ पक्ष राष्ट्रहरूको सम्मेलनमा गरिएको सम्झौता हो । क्यानकुन (COP 16) को मुख्य उपलब्धि भनेको रेडप्लानअन्तर्गत गरिने ५ ओटा क्रियाकलापहरूमा सहमति र रेडप्लस प्लस (RED++) मा अधिकार सुरक्षाका ८० सिद्धान्तहरूको निर्धारण हो ।

### क्योटो प्रोटोकल (संयन्त्र) (Kyoto protocol)

सन् १९९७ मा जापानको क्योटो सहरमा भएको अभिसन्धिले तयार गरेको जलवायु परिवर्तनको कारक तत्त्व हरित गृह ग्यासलाई विकसित राष्ट्रहरूले सन् १९९० को स्तरभन्दा ५.२ प्रतिशतका दरले घटाउनुपर्ने (सन् २००८ देखी २०१२ सम्म) बाध्यकारी नियमलाई क्योटो प्रोटोकल भनिन्छ ।

### क्लोरोफ्लोरो कार्बन (Choloflоro Carbon)

कार्बन, क्लोरिन र फ्लोरिन, तत्त्वहरूबाट मात्रै बनेको जैविक यौगिक (organic compound) क्लोरोफ्लोरो कार्बन हो । यिनीहरू **volatile** हुन्छन् र मुख्यत: मिथेन, इथेन एवम् प्रोपेनबाट बनेका (derivative) हुन् । क्लोरोफ्लोरो कार्बनले ओजन तहको विनाश गर्ने हुनाले अन्तर्राष्ट्रिय समुदायले यसको प्रयोग र उत्पादनमा रोक लगाएको छ ।

### कृषि (Agriculture)

विभिन्न उपायहरू अपनाई खाद्यवस्तु, पशु पालन, अन्न तथा तरकारी आदिको उत्पादन गरिने कार्य कृषि हो । खाद्यान्न उत्पादन, पशु पालन, माछा पालन, तरकारी खेती, फलफुल खेती आदि कृषि कार्यहरू हुन् । स्थान विशेषअनुसार कृषि कार्यहरू फरक फरक हुन्छन् ।

### कृषि वन (Agroforestry)

विशेष गरी वन जङ्गल भएको ठाउँमा सोही जमिनको उपयोग गरी वनका ठुला साना रुखहरूसँगै

वा बिच बिचमा बालीनाली लगाई दुवै उत्पादनबाट उत्पादन लिने तरिकालाई कृषि वन भनिन्छ । पातलो सालको जङ्गलमा बिचको माटो खनजोत गरी मकै लगाएको कृषि वनको एक उदाहरण हो ।

## खडेरी (Drought)

सामान्य अवस्थामा भन्दा कम वर्षा हुने र त्यसले भूस्रोत एवम् उत्पादन प्रणालीमा नकारात्मक प्रभाव पारेको स्थितिलाई खडेरी भनिन्छ ।

## खाद्य असुरक्षा (Food Insecurity)

मानिसको वृद्धि, विकास, सक्रिय र स्वस्थ्य जीवन जिउनका लागि पर्याप्त मात्रामा सुरक्षित र पोषण युक्त खाद्यान्नमा पहुँच नभएको अवस्थालाई खाद्य असुरक्षा भनिन्छ । खाद्यान्नको अभाव, उपभोग क्षमतामा कमी, असमान वितरण र घर परिवारमा पर्याप्त खाद्यान्नको प्रयोग नहुनु असुरक्षाका कारणहरू हुन् । खाद्य सुरक्षा भनेको पोषण युक्त खाना पर्याप्त रूपमा भरपर्दो र सहज पहुँचमा पाइएको अवस्था हो ।

## खाद्य जाल (Food Web)

पारिस्थिक प्रणालीमा एउटै जीवका विभिन्न खाद्य स्रोतहरू हुन्छन् । यस्तो विभिन्न खाद्य शृङ्खला (food chain) एक आपसमा जेलिएर अझ जटिल खाद्य सम्बन्ध बन्छ । यस्तो सम्बन्धलाई खाद्य जालो भनिन्छ ।

## खानेपानी (Drinking Water)

पिउन योग्य पानी तथा पानीको स्रोतबाट प्राप्त पानी स्वच्छ नभएको अवस्थामा विभिन्न उपायहरूद्वारा पिउन योग्य बनाइएको पानीलाई खानेपानी भनिन्छ ।

## खोइला (Bagasse)

चिनी बनाउँदा उखु पेली बाँकी रहेको खोस्टालाई खोइला भनिन्छ । यसलाई इन्धनका रूपमा प्रयोग गर्न सकिन्छ ।

## खाद्य शृङ्खला (Food chain)

एक किसिमको जीवलाई अर्को किसिमको जीवले खाई बन्ने जीवहरूले आहारा शृङ्खलालाई खाद्य शृङ्खला भनिन्छ । प्राकृतिक प्रणालीमा एक जीवले अर्को जीवलाई आहारा बनाउने र यसैबाट आफूलाई आवश्यक ऊर्जा र वस्तुहरू प्राप्त गर्ने प्रक्रिया हुन्छ ।

## गोल (Charcoal)

दाउरा तथा कार्बन युक्त अन्य जीवपिण्डको दहनपछि बाँकी रहेको कालो वस्तुलाई गोल भनिन्छ ।

## गोबर मल (Animal Manure)

गाईवस्तुको मलमूत्र र कृषि अवशेष मिसिएर बनेको मललाई गोबर मल भनिन्छ । यो मल कृषिका निम्ति उपयुक्त मानिन्छ । यसको प्रयोगले वातावरणमा नकारात्मक असर पार्दैन ।

## घरायसी फोहोर पानी (Domestic Sewerage)

घरायसी कामबाट निस्किएको फोहोर पानी; कार्यालय, आवास, विद्यालय, क्याम्पस आदिका स्नान घर, भान्सा, शौचालय आदिबाट बाहिर आउने फोहोर पानी, यस्तो पानी जुन अत्यन्त दुर्गन्धित, कीटाणु युक्त र अस्वस्थ्यकर हुन्छ । त्यसलाई घरायसी फोहोर पानी भनिन्छ ।

## घरायसी फोहोर मैला (Domestic Waste)

गार्हस्थ्य कार्यबाट उत्पन्न हुने विभिन्न किसिमका ठोस तथा तरल फोहोरहरूलाई घरायसी फोहोर मैला भनिन्छ । भान्साघरको फोहोर, लुगा कपडा धुँदाको फोहोर, ढल आदिबाट घरायसी फोहोर मैला निस्कन्छ ।

**चरन क्षेत्र (Grassland)**

विभिन्न किसिमका घाँसहरूले ढाकेको खुला क्षेत्रलाई घाँसे क्षेत्र भनिन्छ । घाँसे पारिस्थितिक प्रणाली, जस्तै : हिमाली क्षेत्रका खर्कहरू, राष्ट्रिय निकुञ्ज, आरक्ष आदिका क्षेत्रहरूको वातावरण सन्तुलनमा धेरै भूमिका हुन्छ ।

**चरन आहारा शृङ्खला (Grazing Food Chain)**

बोट बिरुवा वा वनस्पतिबाट सुरु हुने आहारा शृङ्खलालाई चरन आहारा श्रृङ्खला भनिन्छ । यसमा बोट बिरुवाको ऊर्जा शाकाहारी जीवले प्राप्त गर्छन् र आफू मांसाहारीको सिकार बन्न पुग्छन् ।

**चरन व्यवस्थापन (Grazing Management)**

वस्तुभाउलाई आवश्यक पर्ने घाँसपातका निम्ति चरन क्षेत्रको उचित प्रबन्ध गर्ने कार्यलाई चरन व्यवस्थापन भनिन्छ । यसमा चरन क्षेत्रको संरक्षण र जनावरको किसिमअनुसार घाँसखेती आदि कार्य गरिन्छ ।

**चक्रवात (Cyclone)**

वेगसित चलेको हुरीका साथै चक्रमा बतास तथा वर्षालाई चक्रवात भनिन्छ । चक्रवात विनाशकारी हुन्छ ।

**चाल चलन (Behaviour)**

कुनै पनि बाह्य असरप्रति जीवजन्तुले देखाउने प्रतिक्रियालाई चाल चलन भनिन्छ ।

**चिरा (Fault)**

पृथ्वीको कुनै भागमा चिरा परी भौगर्भिक रूपमा एक अर्कोबाट छुट्टिनु, जस्तै : भूकम्पले गर्दा जमिनको सतह हल्लिदा फुटेर बन्ने रेखाकार अवस्थितिलाई चिरा भनिन्छ ।

**ज्वालामुखी (Volcano)**

पृथ्वीको भित्री भागबाट अत्यधिक तापका कारण पग्लेको पदार्थ (माग्मा, ठोस वस्तु, खरानी तथा ग्यास) निस्कले प्रक्रियालाई ज्वालामुखी भनिन्छ ।

**जनावर (Animal)**

वनस्पतिले जस्तो आफूलाई चाहिने खाना आफ्नै शरीरमा तयार पार्न नसक्ने जीवहरू जनावर हुन् । हिँड्ने, सास फेर्ने तथा प्रजनन गर्न सक्ने जीवहरू स्नायु प्रणालीको विकासका कारण वनस्पतिभन्दा चेतनशील जीव मानिन्छन् ।

**जलचक्र (Water Cycle)**

पृथ्वीमा पानी विभिन्न रूपमा एक ठाउँबाट अर्को ठाउँमा पुगी त्यहाँ त्यसको स्रोत र जीवजन्तुलाई उपलब्ध हुने प्रक्रियालाई जलचक्र भनिन्छ । समुद्र, नदी, ताल, हिमखण्ड आदिको पानी सौर्य ऊर्जाको मद्दतले वाष्पीकरण भई बादलमा परिणत हुने र चिसो भएर पुनः पानी, तुषारो, हिउँ र ओसका रूपमा पृथ्वीमा नै खस्ने प्रक्रियालाई जलचक्र भनिन्छ । जलचक्रको केही अंश बाफका रूपमा वायु मण्डलमा पुग्छ । यसले केही सोसिएर भूमिगत जलमा परिणत हुन्छ । यसको केही अंश बोट बिरुवा र जीवजन्तुले प्रयोग गर्छन् ।

**जल प्रदूषण (Water Pollution)**

रासायनिक तथा जैविक प्रदूषकहरूले गर्दा विभिन्न प्रयोजनका निम्ति पानी अनुपयुक्त हुनु वा यसको भौतिक, जैविक र रासायनिक गुणमा परिवर्तन हुनु, फोहोर मैला, माटो, धातु, खनिज, लवण आदि प्रदूषक मिसिई पानी दूषित हुनु नै जल प्रदूषण हो ।

**जल मण्डल (Hydrosphere)**

सागर तथा समुद्रले ढाकेको पृथ्वीको क्षेत्र अर्थात् पृथ्वीमा रहको पानीको भाग नै जल मण्डल हो ।

**जलवायु प्रणाली (Climate System)**

लामो समयसम्मको (३० वर्षभन्दा बढी) अवधिमा मौसममा आएको परिवर्तनको औसत रूपमा हिसाब (तापक्रम र वर्षात्) गर्ने प्रणाली जलवायु प्रणाली हो ।

**जल वाष्प (Water Vapour)**

नदी, ताल, समुद्र, जीव आदिको पानी सौर्य तापबाट वाष्पीकरण भई वायु मण्डलमा पुगेको बाफलाई जल वाष्प भनिन्छ जुन वर्षाका रूपमा पृथ्वीमा फेरि खस्छ ।

**जल शुद्धीकरण (Water Purification)**

प्रदूषित पानीलाई थेग्राउने, छान्ने, क्लोरिन हाल्ने आदि उपायहरू अपानाई पानीलाई प्रयोगका लागि उपयुक्त बनाउने प्रक्रियालाई जल शुद्धीकरण भनिन्छ ।

**जलस्रोत (Water Resources)**

विभिन्न प्रयोजनका लागि परिचालन गर्न सकिने नदी, खोला, ताल, हिउँ, भूमिगत जल आदिलाई जलस्रोत भनिन्छ ।

**जलाधार (Watershed)**

कुनै पनि नदीनाला, ताल तलैया, पोखरी वा जलाशय र वरिपरिको पानी जम्मा हुने सम्पूर्ण भूक्षेत्रलाई जलाधार भनिन्छ, जस्तै : बागमती जलाधार, फेवाताल जलाधार ।

**जलीय चक्र (Hydrological Cycle)**

विभिन्न रूपमा पानी एक ठाउँबाट अर्को ठाउँमा पुगी पानी सन्तुलित अवस्थामा रहने चक्रलाई जलीय चक्र भनिन्छ ।

**जलीय पारिस्थितिक प्रणाली (Aquatic Ecosystem)**

पानीमा बस्ने जीवजन्तु, वनस्पति तथा विभिन्न अजैविक वस्तुहरूको अन्तरसम्बन्धबाट सिर्जित पारिस्थितिक प्रणालीलाई जलीय पारिस्थितिक प्रणाली भनिन्छ ।

**जलवायु (Climate)**

कुनै पनि क्षेत्रमा हुने लामो समयसम्मको मौसमको औसत अवस्थालाई जलवायु भनिन्छ । यसलाई हावापानी पनि भनिन्छ ।

**जलवायु नीति (Climate Policy)**

जलवायु परिवर्तनले पारेका प्रभावलाई सहर्ष स्वीकार गरी यसको न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकताका साथ पारित गरिएको नीतिहरूलाई जलवायु नीति भनिन्छ ।

**जलवायु मैत्री विकास (Climate Friendly Development)**

जलवायु परिवर्तन कम गर्ने र विकास निर्माण कार्य गर्दा हरित गृह ग्यास उत्सर्जन न्यून गर्दै गरिने विकास कार्यलाई जलवायु मैत्री विकास भनिन्छ ।

**जलवायु परिवर्तन (Climate Change)**

विभिन्न प्राकृतिक एवम् मानवीय कारणबाट पृथ्वीको हावापानीमा हुने परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । यसलाई हावापानी परिवर्तन पनि भनिन्छ ।

**जल सन्तुलन (Water Balance)**

कुनै पनि प्रणालीभित्र आउने र बाहिर जाने पानीको मात्रामा सन्तुलन हुनु नै जल सन्तुलन हुनु हो । यसका लागि प्रयोग भएको र वाष्पीकरण भएको पानी पुरा हुन वर्षाको पानीले मद्दत गर्दछ ।

**जीवाणु (Micro-organism)**

धेरैजसो एक कोषीय विभिन्न आकारमा पाइने सूक्ष्म

जीव, मरेका वस्तु सडाई विच्छेदन गर्ने जीवलाई जीवाणु भनिन्छ । जीवन प्रक्रियामा केही यस्ता जीवहरू अपरिहार्य मानिन्छन् भने केहीले धुनुष्टङ्कार, क्षयरोग जस्ता रोग फैलाउँछन् ।

### जैविक विविधता ह्रास (Loss of Biodiversity)

कुनै निश्चित ठाउँमा पाइने सम्पूर्ण सूक्ष्म जीव, जीवजन्तु, वनस्पति र तिनीहरूको वंशाणु सङ्ख्या तथा पारिस्थितिक प्रणालीहरूको किसिममा गुण वा स्तर ह्रास हुनुलाई जैविक विविधता ह्रास भनिन्छ

### जैविक विविधता (Biodiversity)

पृथ्वीका सम्पूर्ण, जीवजन्तु, सूक्ष्म जीवजन्तु, वनस्पति र तिनीहरूको वंशाणु तथा पारिस्थितिक प्रणालीहरूको विविध किसिम नै जैविक विविधता हो ।

### जैविक ऊर्जा (Bio-energy)

विभिन्न जीवजन्तु तथा वनस्पतिको अवशेषबाट उत्पन्न भएको ऊर्जा स्रोत, जस्तै : दाउरा, कोइला, पराल, खोस्टा, खोया आदिलाई जैविक ऊर्जा भनिन्छ ।

### जैविक खेती (Organic Farming)

जीवित वस्तुबाट बनेको पदार्थलाई मल र विषादीका रूपमा प्रयोग गरी गरिने खेतीलाई जैविक खेती भनिन्छ । जैविक खेती गर्दा कृत्रिम रसयानहरूको (synthetic chemical) प्रयोग गरेको हुँदैन ।

### जैविक ग्यास (Bio-gas)

विभिन्न वस्तुभाउको मलमूत्र र अन्नबालीका अवशेष जैविक तरिकाले कुहाई निस्कनेलाई जैविक ग्यास भनिन्छ । यो ग्यास खाना पकाउने र बत्ती बाल्ने कार्यमा प्रयोग गरिन्छ । जैविक ग्यासमा मुख्यतया मिथेन ग्यास हुन्छ ।

### जीव मण्डल (Biosphere)

पृथ्वीमा पाइने जीवजन्तु र वनस्पति मिली बनेको मण्डललाई जीव मण्डल भनिन्छ ।

### जीव मण्डल आरक्ष (Biosphere Reserve)

जीवजन्तु र वनस्पति पाइने पृथ्वीको कुनै पनि भाग वा प्राकृतिक क्षेत्रलाई संरक्षित आरक्षका रूपमा विकसित गरिएको क्षेत्रलाई जीव मण्डल आरक्ष भनिन्छ ।

### जैविक अवयव (Biotic-component)

जीवन भएका सम्पूर्ण वस्तु, जस्तै : बिरुवा, जीवजन्तु तथा सूक्ष्म जीवहरूलाई जीवीय अवयव भनिन्छ ।

### जीवाशेष (Fossil)

पृथ्वीको इतिहासको कुनै समयमा चट्टानमा सुरक्षित रहेको वनस्पति, जीवजन्तु र तिनीहरूको कुनै भाग, विशेष गरी जीवहरूको हाडखोर, नङ, बिऊ, बिरुवा आदिको अवशेष तथा छापलाई जीवावशेष भनिन्छ ।

### जीवाश्म इन्धन (Fossil Fuel)

ऊर्जा प्राप्तिका निम्ति इन्धनका रूपमा प्रयोग गर्न सकिने जीवावशेष, जस्तै : कोइला, प्राकृतिक ग्यास, कच्चा तेल आदिलाई जीवाश्म इन्धन भनिन्छ । जीवाश्म इन्धन बन्नका लागि लाखौँ लाख वर्ष लाग्छ ।

### जोखिम न्यूनीकरण (Risk Reduction)

प्रकोपमा हुन सक्ने विनाशलाई ठिकसँग आँकलन गर्ने तथा विपद्का (disaster) समयमा तिनका असरहरूलाई कम गर्ने र त्यसका लागि ठिक योजना तथा उपयाहरूको छनोट गर्नु नै जोखिम न्यूनीकरण हो ।

### डुबान (Inundation)

अकस्मात् भएको वर्षाका कारण जमिन डुबेको अवस्थालाई डुबान भनिन्छ । यस्तो डुबान समुद्रको तटीय क्षेत्रमा भेटिन्छ।

**तापक्रम (Temperature)**

वस्तुको तातोपन वा चिसोपनको नापलाई तापक्रम भनिन्छ ।

**तुषारो (Frost)**

जाडो मौसममा रातिको तापक्रम करिब ०°C सेल्सियस पुग्दा जमिनमा जम्ने जलकणलाई तुषारो भनिन्छ । तुषारोले खेतबारीको अन्नबालीलाई नोक्सान गर्छ ।

**दिगो प्रयोग (Sustanable Use)**

कुनै पनि वस्तुको प्रयोग गर्दा विभिन्न स्रोतहरू (जीव, पारिस्थितिक प्रणाली वा अन्य नवीकरणीय स्रोत) मा प्रतिकूल वा असर नपारी निरन्तर उत्पादन हुने किसिमले प्रयोग गर्ने कार्यलाई दिगो प्रयोग भनिन्छ ।

**दिगो विकास (Sustainable Development)**

भावी पुस्ताको आवश्यकतालाई खलल नपुऱ्याई गरिने विकास कार्यलाई दिगो विकास भनिन्छ । यस अन्तर्गत प्राकृतिक स्रोतको खपत, लगानी, प्राविधिक विकास आदिमा विचार पुऱ्याई समग्र विकास प्रक्रियालाई अगाडि लगिन्छ ।

**दिगो समाज (Sustainable Society)**

दिगो विकासका आधारभूत नियमहरू पालन गर्ने वा पालन गरेपछिको समाजलाई दिगो विकास भनिन्छ । यस्तो समाजमा नवीकरणीय स्रोतहरूको उचित प्रयोग सरल जीवन, प्रदूषण र फोहोर मैला कम निकाल्ने दिगो प्रविधिको प्रयोग आदिमा जोड दिइन्छ ।

**धुलो (Dust)**

माटो आदि मिसिएर बनेको बुरबुरे वस्तु, हावामा पाइने ठोस वा कणलाई धुलो भनिन्छ । यसको व्यास सामान्यतया १ देखि १०० माइक्रो मिटरबिच हुन्छ ।

**धूम (Fume)**

रासायनिक तथा भौतिक प्रक्रियाका कारण वायुमण्डलमा जम्मा हुने वा कृत्रिम तरिकाले छरिने अति सूक्ष्म ठोस कणहरूलाई धूम भनिन्छ । धातु वा धातुका अक्साइडबाट बन्ने रासायनिक धूम विषाक्त हुन सक्छन् ।

**धुवाँ (Smoke)**

बलेको वस्तुबाट निस्कने सेतो खैरो वा कालो वायुवीय पदार्थलाई धुवाँ भनिन्छ ।

**नवीकरणीय ऊर्जा (Renewable Energy)**

सूर्य, वायु, छाल वा भूगर्भीय ऊर्जा सङ्ग्रहबाट प्राप्त हुने ऊर्जालाई नवीकरणीय ऊर्जा भनिन्छ । सौर्य ऊर्जा, वनस्पति वा जैविक वस्तुबाट उत्पादन गरिने ऊर्जा, जस्तै : गोबर ग्यास, सौर्य शक्ति प्रयोग गरी निकाल्ने ऊर्जा आदि नवीकरणीय ऊर्जा हुन् ।

**नवीकरणीय स्रोत (Renewable Resource)**

पुनरुत्पादन हुने प्राकृतिक स्रोत साधन, जस्तै : सौर्य ऊर्जा, पानी, जीवजन्तु, वनस्पति आदिलाई नवीकरणीय स्रोत भनिन्छ ।

**नाइट्रस अक्साइड (Nitrous oxide ($N_20$))**

मधुरो गन्ध भएको एक प्रकारको रङहीन ग्यासलाई नाइट्रस अक्साइड भनिन्छ जुन लठ्याउन प्रयोग गरिन्छ । यो नाइट्रोजनको दुई परमाणु र अक्सिजनको एक परमाणु मिली बनेको हुन्छ । यो जीवाशय इन्धनको दहन, रासायनिक मल र जीवपिण्डको दहन जस्ता कार्यबाट उत्सर्जन हुन्छ ।

**राष्ट्रिय अनुकूलन कार्यक्रम, नापा (National Adaptation Program of Action,**

NAPA)

जलवायु जोखिमको मूल्याङ्कन गर्ने र उपयुक्त अनुकूलन सम्बन्धी उपायहरूको विकास गरी जलवायु परिवर्तन सम्बन्धी मुद्दाहरूलाई वैज्ञानिक ढङ्गले सम्बोधन गर्न तयार पारिएको राष्ट्रिय कार्य योजना नै नापा हो । वातावरण मन्त्रालयले २०६० मा ६ ओटा क्षेत्रहरू : कृषि र खाद्य सुरक्षा, जलस्रोत र ऊर्जा, जलवायु सिर्जित प्रकोपहरू, वन र जैविक विविधता, जनस्वास्थ्य र सहरी बसोबास तथा पूर्वाधारमा विभिन्न अनुकूलन कार्यक्रमहरू पहिचान गरी सूचीकृत गरेको छ ।

**निम्न मण्डल (Troposphere)**

पृथ्वीको सतहबाट १६ की.मी. माथिसम्मको वायु मण्डलीय तहलाई निम्न मण्डल भनिन्छ । यो मण्डल मानवीय क्रियाकलापबाट बढी प्रभावित हुने गर्दछ ।

**रैथाने (Indigenous)**

कुनै स्थान वा देशका आफ्नै मौलिक गुण भएको चलन, वस्तु, बोट बिरुवा, जीवजन्तु र जनजातिलाई परम्परागत भनिन्छ ।

**परम्परागत खेती (Traditional Agronomy)**

पुराना र परम्परागत औजार, विधि र ज्ञान प्रयोग गरी गरिने कृषि एवम् खेतीपाती गर्ने तरिकालाई परम्परागत खेती भनिन्छ ।

**परावैजनी किरण (Ultraviolet Rays)**

तीक्ष्ण शक्ति तर तरङ्ग दुरी अत्यन्त कम भएका अदृश्य किरणहरूलाई परावैजनी किरण भनिन्छ । एक किसिमको परावैजनी किरणले हाम्रो शरीरमा भिटामिन डी बन्दछ भने अर्कोले घातक असर पुऱ्याउँछ । सूर्यबाट आउने घातक परावैजनी किरणलाई वायु मण्डलीय ओजोन तहले छेक्दछ, यस्तो किरण जीवाणु नष्ट गर्न र खानेपानी प्रशोधन गर्नका लागि पनि प्रयोग हुन्छ ।

**पक्ष राष्ट्रहरूको सम्मेलन (Conference of parties the supreme body of the conventions- COP)**

कुनै पनि महासन्धिलाई अनुमोदन गर्ने राष्ट्रका प्रतिनिधिहरूले भाग लिने सम्मेलनलाई पक्ष राष्ट्रहरूको सम्मेलन भनिन्छ ।

**प्रकोप व्यवस्थापन (Disaster Management)**

बाढी, पहिरो, हुरी बतास, भूकम्प, ज्वालामुखी, चट्टान जस्ता प्राकृतिक प्रकोपहरूप्रति समाधान लिने र आइपर्दा तिनका अप्ठ्याराहरूलाई समाधान गर्न सक्ने क्षमताको विकासलाई प्रकोप व्यवस्थापन भनिन्छ ।

**पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन (Ecosystem Based Adaptation)**

यो प्रकृति तथा जीवजन्तुले आफ्नो स्थान अनुसारको रहन सहनमा बसी आफ्नो जीवन सञ्चालन गर्नका लागि तयार हुनु वा परिवर्तित पारिस्थितिक अवस्था अनुसार आफूलाई अनुकूलन गराउनु नै पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन हुनु हो ।

**पारिस्थितिक प्रणालीको विविधता (Ecosystem Diversity)**

विभिन्न किसिमका पारिस्थितिक प्रणालीहरूको किसिम, जीवजन्तुहरूको विविधता वा भिन्नता, वनस्पति र तिनीहरूको वंशाणु तथा पारिस्थितिक प्रणालीहरूको फरक फरक किसिम नै पारिस्थितिक प्रणालीको विविधता हो ।

## पारिस्थितिक विकास (Eco-development)

जैविक विविधता र स्रोतहरूको संरक्षण गर्दै दिगो प्रयोगका निम्ति गरिने विकासलाई पारिस्थितिक विकास भनिन्छ । सन् १९८० मा विश्व संरक्षण कार्यनीतिले यस शब्दलाई प्रयोगमा ल्यायो । यसमा वंशाणु विविधता कायम गर्ने, माटाको गुण कायम राख्ने, प्रजातिहरूको स्वसञ्चालन प्रक्रियामा सघाउ पुऱ्याउने तथा स्रोतको उत्पादकत्व उच्च पार्ने प्रयास गरिन्छ ।

## पारिस्थितिक पद्धति (Ecosystem)

कुनै स्थान विशेषमा रहेका जीव जन्तुहरू, तिनीहरू बिचको सम्बन्ध र तिनीहरूको प्रकृतिसँगको सम्बन्धलाई पारस्थितिक पद्धति भनिन्छ । पृथ्वीमा धेरै किसिमका पारिस्थितिक पद्धिति छन्, जस्तै : वन पारिस्थितिक पद्धति (forest ecosystem), पोखरी पारस्थितिक पद्धति आदि । समग्र पृथ्वी पनि एउटा पारस्थितिक पद्धति (biosphere ecosystem) हो ।

## पारिस्थितिक दिगो सन्तुलन (Ecological Sustainable Balance)

पारिस्थितिक प्रणालीमा प्रतिकूल असर नपर्ने गरी सामुदायिक स्रोतको प्रयोग, संरक्षण र अभिवृद्धि गर्नुलाई पारिस्थितिक दिगो सन्तुलन भनिन्छ। यसले वर्तमान र भावी पिँढीको जीवन स्तरमा गुणात्मक सुधार गर्न सहयोग पुऱ्याउँछ ।

## परस्थानीय संरक्षण (Ex–situ Conservation)

प्राकृतिक वासस्थान बाहिर जनावर र वनस्पति संरक्षण गर्ने कार्यहरूलाई परस्थानीय संरक्षण भनिन्छ । यस प्रक्रियाद्वारा कुनै पनि जीवजन्तुलाई संरक्षण गर्न सकिन्छ, जस्तै : चिडियाखाना, वनस्पति उद्यान, बिउ बैङ्क आदि ।

## पारिस्थितिक प्रभाव (Ecological Impact)

कुनै पनि कार्यले पारिस्थितिक प्रणालीमा पार्ने अनुकूल तथा प्रतिकूल असरलाई पारिस्थितिक प्रभाव भनिन्छ । यस्तो असरले पारिस्थितिक स्थितिलाई बदल्छ ।

## पृथ्वी (Earth)

सौर्य मण्डलका विभिन्न ग्रहरूमध्ये एक; माटो, ढुङ्गा, पानी आदिले बनेको जीवजन्तु तथा वनस्पति पाइने ग्रह पृथ्वी हो ।

## प्राकृतिक प्रकोप (Natural Disaster)

ठुलो धनजन तथा प्राकृतिक बनावटलाई असर पुऱ्याउन सक्ने सम्भावना भएको आकस्मिक घट्ने प्राकृतिक घटनाहरूलाई प्राकृतिक प्रकोप भनिन्छ, जस्तै : भुइँचालो, हुरी बतास, आँधी बेहेरी, ज्वालामुखी, बाढी पहिरो, असिना, हिम पहिरो, अति वर्षा, अल्प वर्षा आदि ।

## जलवायु परिवर्तन समानुकूलन रणनीतिक कार्यक्रम (Strategic Program for Climate Resilience, SPCR)

जलवायु परिवर्तन तथा त्यसको असरलाई समानुकूलन गर्न गरिएको दीर्घकालीन कार्यक्रमलाई जलवायु परिवर्तन समानुकूलन रणनीतिक कार्यक्रम भनिन्छ ।

## पी.पी.एम. (Parts Per Million, PPM)

दस लाखको एक भागलाई पी.पी.एम. भनिन्छ ।

## पानीको मुहान (Water Source)

पानी निस्कने प्रमुख स्थान जसबाट पानी निस्केर अन्यत्र जान्छ, यसलाई पानीको स्रोत भनिन्छ । यसमा पानी कम हुँदा त्यहाँबाट अन्यत्र जाने पानी कम हुन्छ वा त्यहाँ पानी बढी

हुँदा त्यहाँबाट अन्यत्र जाने पानीको मात्रा पनि बढ्छ । पानी निरन्तर रूपमा पाउन मुहानको संरक्षण गर्नुपर्छ ।

**प्रदूषण कर सिद्धान्त (Polluter's Pay Principle)**

कुनै पनि देशको आम्दानीको स्रोतहरू (revenue) मध्ये व्यक्ति, सङ्घ संस्था तथा उद्योग सञ्चालन गर्नेहरूले तिरेको कर/तिरो (tax) एक हो । यातायातका साधन, उद्योग तथा कल कारखाना वातावरण प्रदूषण गर्ने मुख्य कारकका रूपमा हुन्छन् । यसरी जसले वातावरणलाई बढी प्रदूषित गर्छ त्यसलाई बढी तिरो/कर लगाउने नीतिलाई प्रदूषण कर सिद्धान्त (polluters pay principle) भनिन्छ ।

**पुनः प्रयोग (Reuse)**

एक पटक काम सकिएपछि पुनः प्रयोग गर्ने प्रक्रियालाई पुनः प्रयोग विधि (Reuse) भनिन्छ, जस्तै : बजारमा पाइने बोतलको पानी (mineral water) पिइसकेपछि पुनः पानी पिउन प्रयोग गरियो भने त्यो पुनः प्रयोगको उदाहरण हो ।

**पुनः प्रशोधन (Recycle)**

उद्योग, कल कारखाना, घर र समुदायबाट उपयोग गरी निस्केका वस्तुहरूलाई वर्गीकरण गरी प्रशोधन गर्न मिल्ने, जस्तै : प्लास्टिक, कागजलाई फेरि प्रशोधन गरी अर्को सामानका रूपमा परिवर्तन गरी प्रयोगमा ल्याउने प्रक्रियालाई पुनः प्रशोधन भनिन्छ ।

**प्रजाति (Species)**

सबै लक्षणहरू एक प्रकारका भएका र एक आपसमा प्रजनन गर्न सक्ने जीवहरूलाई प्रजाति भनिन्छ । एक प्रजातिले एक जीवलाई जनाउँछ । मानिसको जाति होमो (homo) र प्रजाति सेपियन्स (sapiens) हो ।

**फोहोर मैला (Solid Waste)**

आवास, व्यापारिक र औद्योगिक क्षेत्र आदिबाट निस्कने ठोस फोहोर मैलाहरू, जस्तै : कागज, काठका टुक्रा, फलफुलका बोक्रा कपडाका टुक्रा, काँच, प्लास्टिक आदिलाई (ठोस) फोहोर मैला भनिन्छ ।

**फ्रेजाइल भूमि (Fragile Land)**

भूक्षय, मरुभूमीकरण, लवणीकरण जस्ता वातावरणीय समस्याहरूका कारण भू-बनोट कमजोर भएको अवस्थालाई कोमल भूमि भनिन्छ ।

**पृथ्वीको बाह्य मण्डल (Outer sphere of earth)**

पृथ्वीलाई वरिपरि वायु मण्डल, जल मण्डल तथा जीव मण्डलले घेरेका छन् । यिनले पृथ्वीको बाह्य मण्डल बनाउँछन् ।

**बतास (Wind)**

चलायमान हावा, हावाको चाप बढी भएको क्षेत्रबाट चाप कम भएको क्षेत्रमा बहने गतियुक्त हावालाई बतास भनिन्छ ।

**बाढी (Flood)**

नदी, ताल वा समुद्रको तहमा पानीको मात्रामा वृद्धि भई जमिनमा पानी बग्नु, वर्षा, हिउँ पग्लिएर तथा मानवीय कारणबाट नदी वा तालको पानी बाहिर बग्नु नै बाढी आउनु हो ।

**बादल (Cloud)**

पृथ्वीको पानी उत्स्वेदन तथा वाष्पीकरण भई आकाशमा फैलिएको जलवाष्पलाई बादल भनिन्छ ।

**बाह्य मण्डल (Exosphere)**

पृथ्वीको वायु मण्डलको सतहदेखि ४८३ की.मी. भन्दा माथिको वायुका तहलाई बाह्य मण्डल भनिन्छ ।

**बाली कार्य योजना (Bali Action Plan)**

इन्डोनेसियाको बालीमा सन् २००७ मा सम्पन्न भएको पक्ष राष्ट्रहरूको १३ औँ सम्मेलनले (COP 13) बाली कार्य योजना पारित गरेको हो । यसमा सन् २०१२ पछि जलवायु परिवर्तनका सम्बन्धमा के गर्ने भन्ने बारेमा सहमतिमा आउन सरकारहरूले के कदम चाल्नुपर्छ भन्ने कुराहरूको पहिचान गरेको थियो ।

**भूगर्व विज्ञान (Geology)**

पृथ्वीको संरचना र विकास बारेको अध्ययनलाई भूगर्व विज्ञान भनिन्छ। यसले पृथ्वीको उत्पत्तिपछि देखिएका जीवहरू तथा भौगर्भिक इतिहास आदिबारे अध्ययन गर्ने गर्छ।

**भूक्षय (Soil Erosion)**

हावा वा पानीको वहावले माटो र ढुङ्गाको चाल वा सर्ने प्रक्रियालाई भूक्षय भनिन्छ । झरना, हिउँ पहिरो, छाल र जमिनमुनिको पानीको वहावले भूक्षय निम्त्याउँछ ।

**भूगोल (Geography)**

पृथ्वीको सतह, हावापानी र भौतिक स्वरूपबारेको अध्ययनलाई भूगोल भनिन्छ ।

**भौगर्भिक समय (Geological Time)**

पृथ्वीको उत्पत्तिदेखि यताका सम्पूर्ण भौगर्भिक घटना क्रमलाई जनाउने समय भौगर्भिक समय हो । यसलाई महाकल्प, काल र युगमा विभाजित गरिएको छ ।

**भौगोलिक नक्सा (Geographical Map)**

कुनै पनि ठाउँको चट्टानको किसिम, संरचना, आयु आदि देखाइएको नक्सालाई भौगोलिक नक्सा भनिन्छ । यसको प्रयोग भूउपयोग योजना, सर्वेक्षण, खानी उत्खनन आदि कार्यमा गरिन्छ ।

**भूतापीय ऊर्जा (Geo-thermal Energy)**

पृथ्वीको आन्तरिक तापबाट प्राप्त ऊर्जालाई भूतापीय ऊर्जा भनिन्छ ।

**भोकमरी, अनिकाल (Famine)**

खाद्यान्नको अभावबाट हुने सङ्कटलाई भोकमारी तथा अनिकाल भनिन्छ । यसले गर्दा कुपोषण र भोकमरी बढ्छ ।

**भूआवरण (Ground Cover)**

कुनै पनि वस्तुले पृथ्वी ढाक्ने अवस्थालाई भूआवरण भनिन्छ । जस्तै : जङ्गलले ढाकेको क्षेत्र, कृषि बालीले र चरनले ढाकेको क्षेत्र ।

**भूमिगत जल (Ground Water)**

पृथ्वीका छिद्रे चट्टान तथा माटोका प्वाल र सतहभन्दा मुनि पाइने पानी वा भूमिगत जल भण्डारमा भएको पानीलाई भूमिगत पानी भनिन्छ ।

**मध्य मण्डल (Mesopshere)**

पृथ्वीको सतहबाट करिब ५० की.मी. देखि ८३ की.मी. सम्ममा फैलिएको वायुमण्डलको भागलाई मध्यमण्डल भनिन्छ ।

**मरुभूमि (Desert)**

वार्षिक २५ से. मी. भन्दा कम वर्षा हुने क्षेत्र नै मरुभूमि हो । प्रतिकूल वासस्थान तथा हावापानीका कारण यस्तो क्षेत्रमा जीवजन्तु तथा वनस्पति कम पाइन्छन् ।

**मरुभूमीकरण (Desertification)**

विभिन्न कारणबाट उर्वर भूमि बोट बिरुवाका निम्ति प्रतिकूल भई मरुभूमिमा परिणत हुने प्रक्रिया नै मरुभूमीकरण हो ।

**मलखाद (Fertilizer)**

बोट बिरुवालाई चाहिने पोषक तत्त्व आपूर्ति गर्न जमिनमा प्रयोग गरिने पदार्थलाई मलखाद भनिन्छ । यो प्राकृतिक रूपमा खेतीपाती र वस्तुभाउबाट गोबर मल, कम्पोस्ट आदिका रूपमा र रासायनिक मलका रूपमा युरिया, फोस्फोरस र पोटासका यौगिकका रूपमा पाइन्छ ।

**माटो (Soil)**

पृथ्वीको सतहको चट्टान हावा, पानी, जीवजन्तु, वनस्पति आदिका कारण खिँइदै बन्ने मसिना कण, जसमा बोट बिरुवा तथा जीवजन्तु रहन्छन्, त्यसलाई माटो भनिन्छ ।

**माटो विनाश (Soil Degradation)**

कृषि पद्धति वा अन्य कारणबाट माटाका संरचनामा हुने प्रतिकूल प्रभावलाई माटो विनाश भनिन्छ। यसका कारण माटाको उर्वरतामा ह्रास हुन गई बोट बिरुवा राम्ररी हुर्कन सक्दैनन् ।

**माटो संरक्षण (Soil Conservation)**

माटोलाई पानी, हावा, जीवजन्तु र खेतीको प्रतिकूल असरबाट बचाई माटामा भएको पोषक तत्त्वलाई सुरक्षित राख्न तथा उत्पादन दिगो राख्न गरिने कार्यलाई माटो संरक्षण भनिन्छ ।

**माटाको उर्वरता (Soil Fertility)**

बोट बिरुवाको उत्पादन वृद्धिका निम्ति आवश्यक पर्ने पोषक तत्त्वहरू उपयुक्त मात्रामा भएको माटाको गुणहरूलाई माटाको उर्वरता भनिन्छ । माटाको उर्वरता बढाउन प्राङ्गरिक तथा अप्राङ्गारिक मलको प्रयोग गरिन्छ ।

**मानव सिर्जित (Anthropogenic)**

विभिन्न मानवीय गतिविधिका कारणबाट उत्पन्न हुने प्राकृतिक चुनौतीहरूलाई मानव सिर्जित भनिन्छ । यस्ता गतिविधिहरूमा मानवले विकास गरेका प्रविधि, रहन सहन आदि पर्छन् ।

**मानव निर्मित (Man made)**

मानिसले आफ्नो सुविधा र सुखका लागि प्राकृतिक स्रोतबाट बनाइएका वा पैदा गरिएका वा मानवीय क्रियाकलापबाट उत्पन्न भएका चिजहरू मानव निर्मित हुन् ।

**माहामारी (Epidemic)**

अचानक तथा अनपेक्षित रूपमा र थोरै समयमा धेरै मानिस वा जीवित वस्तुमा सरुवा रोग फैलिने प्रक्रिया वा सङ्क्रमणलाई माहामारी भनिन्छ ।

**मिचाह प्रजाति (Invasive Species)**

कुनै क्षेत्रमा अन्यत्रबाट ल्याइएको वा त्यसै क्षेत्रमा रहेका प्रजाति जसले अन्य प्रजातिलाई चुनौती दिँदै आफ्नो सङ्ख्या तथा फैलावट बढाउन सक्षम हुन्छन् । यसरी सङ्ख्या बढ्दा यिनीहरूले अरू प्रजातिलाई नकारात्मक असर पार्ने तथा पारिस्थितिक पद्धति नै परिवर्तन गर्नेसम्म पनि हुन्छ ।

**मिथेन ग्यास (Methane Gas)**

मिथेन कार्बनको एक र हाइड्रोजनको चार परमाणु मिली बनेको ग्यास हो जुन कुहिएको प्राङ्गारिक फोहोर वस्तुबाट तथा कोइला खानीमा पनि पाइन्छ । यो रङ्गहीन, गन्धहीन र ज्वलनशील हुन्छ ।

**मौसम (Weather)**

कुनै निश्चित ठाउँ वा क्षेत्रको वायु मण्डलको दैनिक वा छोटो अवधिको व्यवहार वा अवस्था, जसले तापक्रम, वर्षा, हावा, वायु मण्डलीय चाप र

सापेक्षिक आर्द्रता जनाउँछ, यसलाई मौसम भनिन्छ ।

**यु.एन.एफ.सी.सी.सी. ( United Nations Framework Convention on Climate Change - UNFCCC) :**

जलवायु परिवर्तनमा संयुक्त राष्ट्र सङ्घीय महासन्धि अर्थात् जलवायु परिवर्तनलाई कम गर्नुपर्ने प्रतिबद्धतासहित १५४ राष्ट्रले ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न कडा कानुन स्थापित गर्ने महासन्धिलाई यु.एन.एफ.सी.सी.सी. भनिन्छ । यस महासन्धिलाई जलवायु परिवर्तनका लागि सबै राष्ट्रहरूले देखाएको चासो र चिन्ताका रूपमा लिन सकिन्छ ।

**रासायनिक प्रदूषण (Chemical Pollution)**

पूर्ण रासायनिक प्रतिक्रियाबाट उत्पादित रासायनिक पदार्थहरू पानी, हावा तथा माटामा मिल्न गई तिनीहरूको गुणमा प्रतिकूल परिवर्तन ल्याउनु रासायनिक प्रदूषण हो ।

**रासायनिक मल (Chemical Fertilizer)**

विभिन्न रासायनिक प्रक्रियाहरूद्वारा उत्पादित तथा खानीबाट उत्खनन भएका विभिन्न रासायनिक वस्तुहरूबाट कृत्रिम रूपमा तयार गरिएको मलखाद, जस्तै : युरिया, नाइट्रोजन, पोटासलाई रासायनिक मल भनिन्छ ।

**रियो + २० (Rio + 20)**

सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियोमा भएको पृथ्वी सम्मेलनको बिस वर्षपछि वातावरण संरक्षण एवम् हरित आर्थिक मुद्दालाई कार्यान्वयन गर्न गरिएको सम्मेलनलाई रियो +२० भनिन्छ ।

**रोग (Disease)**

मानिस, जीवजन्तु र बोट बिरुवाको शरीरमा प्रतिकूल प्रभाव परी कमजोर हुनु रोग लाग्नु हो । वातावरण विज्ञहरूको दृष्टिकोणमा रोग भनेको त्यो स्थिति हो जुन मानव तथा जीव वातावरणसित अमिल्दो ढङ्गले विस्थापित भइराखेको हुन्छ ।

**वन फडानी र वनको विनाशबाट हुने कार्बन उत्सर्जनको कटौती, रेड (Reducing Emissions from Deforestation and forest degradation- REDD)**

विकासोन्मुख देशहरूमा रेड अवधारणालाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालनमा छन् । वन विनाश र वन क्षयीकरण नियन्त्रणको माध्यमबाट कार्बन उत्सर्जन कटौती गर्ने अवधारणा रेड हो ।

**स्थानीय अनुकूलन कार्य योजना, लापा (LAPA, Local Adaptation Plans for Action)**

राष्ट्रिय अनुकूलन कार्यक्रमले निर्दिष्ट गरेको अनुकूलन सम्बन्धी कार्यहरूलाई स्थानीय आवश्यकता र सहभागितामा कार्य योजना बनाई अनुकूलनका पक्षहरू एकीकृत गर्दै कार्यान्वयनमा ल्याउनका लागि तयार पारिएको दस्तावेज लापा हो । यसमा जलवायु अनुकूलन तथा समानुकूलनको प्रक्रियामा ऊर्ध्वगामी (Bottom -up), समावेशी (inclusive), तत्परता (Responsive) र लचिलो (Flexible) रूपी चार निर्देशक सिद्धान्तलाई आधार मानी स्थानीय समुदाय, सरोकारवाला र व्यक्तिको ज्ञान, सिप र अभ्यासलाई कार्य योजनामा समावेश गरिन्छ ।

**वन (Forest)**

रुखहरूको बाहुल्य रहेको क्षेत्रलाई वन भनिन्छ । यो प्राकृतिक वा कृत्रिम दुवै किसिमको हुन्छ ।

**वन विनाश (Deforestation)**

प्राकृतिक तथा मानवीय कारणले जङ्गलको नाश

हुनु; अनियन्त्रित तथा अवैज्ञानिक किसिमले वन जङ्गल उपयोग तथा फडानी गर्नु जस्ता कार्यलाई वन विनाश भनिन्छ । यसले गर्दा बोट बिरुवा तथा जीवजन्तु विस्थापित हुन्छन् ।

**वन डँढेलो (Forest Fire)**

मानवीय वा प्राकृतिक कारणबाट वनमा लाग्ने आगो, चट्याङ पर्दा निस्कने आगो फैलिएर वन नष्ट हुने तथा वनमा क्षति हुने प्रक्रियालाई वन डढेलो भनिन्छ ।

**वहन क्षमता (Carrying Capacity)**

कुनै निश्चित क्षेत्र वा पारिस्थितिक प्रणालीले कुनै निश्चित समयमा जीवको सङ्ख्या वा तिनीहरूको क्रियाकलापलाई धान्न सक्ने क्षमताको हदलाई वहन क्षमता भनिन्छ ।

**वन पारिस्थितिक प्रणाली (Forest Ecosystem)**

वनमा रहेका विभिन्न किसिमका वनस्पति, जीवजन्तु सूक्ष्म जीव आदिले बनेको स्वचालित प्राकृतिक संरचनालाई वन पारिस्थितिक प्रणाली भनिन्छ ।

**वन्यजीव (Wildlife)**

घर पालुवा तथा घरेलु प्रयोजनमा नल्याइएका सम्पूर्ण जीवजन्तु तथा वनस्पतिहरू, वन जङ्गल, खेतबारी, खोलानाला जस्ता स्थानहरूमा रहने जीवजन्तु वन्यजीव हुन् ।

**वन क्षयीकरण (Forest Degradation)**

वन जङ्गलको प्राकृतिक स्वरूप परिवर्तन हुनु तथा त्यहाँ रहेका वनस्पति र जन्तुहरूको वृद्धि तथा जीवन चर्या चुनौतीपूर्ण हुँदै जानु, वनको प्राकृतिक सन्तुलन (natural balance) बिथोलिनुलाई वन क्षयीकरण भनिन्छ । यसले गर्दा वनका प्रजातिहरू लोप हुँदै जान्छ ।

**वायु प्रदूषक (Air Pollutant)**

हावा दूषित पार्ने तत्त्वहरू, जस्तै : धुलो, धुवाँ, तथा विभिन्न किसिमका ग्यासहरू (जस्तै : कार्बन मोनोअक्साइड, सल्फरडाइअक्साइड, नाइट्रोजन अक्साइड आदिलाई) वायु प्रदूषक भनिन्छ ।

**विपद् (Disaster)**

धनजनको ठुलो क्षति पुऱ्याई सामाजिक जनजीवनमा प्रतिकुल असर पुऱ्याउने गरी घटेका आकस्मिक घटनाहरूलाई विपद् भनिन्छ । यी घटनाहरू प्राकृतिक तथा मानवजन्य क्रियाकलापका कारणबाट घट्ने गर्दछ, जस्तै : ज्वालामुखी विष्फोटन, बाढी, हिमपात विस्फोटन, पहिरो, भुकम्प आदि ।

**वाष्पीकरण (Evaporation)**

तरल पदार्थ वाष्पमा परिणत हुने प्रक्रिया अर्थात् पानी तताउँदा जलवाष्प हुने कार्यलाई वाष्पीकरण भनिन्छ ।

**बेमौसमी वर्षा (Offseason Rainfall)**

वर्षायामभन्दा अन्य समयमा ममा हुने वर्षालाई बेमौसमी वर्षा भनिन्छ ।

**वनको दिगो व्यवस्थापन (Sustainable Forest Management)**

लामो समयसम्म निरन्तर र अधिकतम (अहिलेको पुस्तालाई मात्र नभई भावी पुस्तालाई समेत) फाइदा पाउने गरी वनको संरक्षण, संवर्धन र उपभोग गर्ने प्रक्रियालाई वनको दिगो व्यवस्थापन भनिन्छ ।

**वन व्यवस्थापन (Forest Management)**

वन विज्ञान र यससँग सम्बन्धित अन्य विषयगत अध्ययन तथा व्यावहारिक ज्ञानका आधारमा वन जङ्गललाई मानव हितको अनुकूल हुने गरी गरिने व्यवस्थापन कार्यलाई वन व्यवस्थापन भनिन्छ । यस अन्तर्गत वनको हेरचाह, वृक्षरोपण, काँटछाँट,

रेखदेख आदि कार्यहरू पर्दछन्।

**वनस्पति (Vegetation)**

कुनै निश्चित ठाउँमा त्यहाँको वातावरणअनुसार पाइने विभिन्न किसिमका बोट बिरुवाहरूको सामूहिक रूपलाई वनस्पति भनिन्छ।

**वायु मण्डल (Atmosphere)**

पृथ्वीलाई ढाक्ने हावाको आवरणलाई वायु मण्डल भनिन्छ । यो नाइट्रोजन, अक्सिजन, आर्गन, कार्बनडाइअक्साइड आदि विभिन्न ग्यासहरू मिली बनेको हुन्छ । यसलाई न्यून मण्डल, समताप मण्डल, मध्य मण्डल, तापीय मण्डल र बाह्य मण्डलमा विभाजन गरिएको छ ।

**वासस्थान (Habitat)**

कुनै पनि जीवजन्तु बस्ने प्राकृतिक क्षेत्र, जस्तै : वन जङ्गल, नदी, ताल, जलीय स्थान आदिलाई वासस्थान भनिन्छ ।

**वातावरण (Environment)**

हाम्रो वरिपरिका सम्पूर्ण प्राकृतिक तथा कृत्रिम वस्तुको अन्तरक्रियाबाट सिर्जित परिवेश; जीवित वस्तु तथा यसलाई असर पार्ने सम्पूर्ण भौतिक वस्तुको समष्टिगत स्वरूपलाई वातावरण भनिन्छ ।

**वातावरणीय शिक्षा (Environmental Education)**

वातावरण संरक्षणका लागि चेतना, ज्ञान र सिप प्रदान गर्न दिइने शिक्षालाई वातावरणीय शिक्षा भनिन्छ । यसले व्यक्तिमा वातावरण संरक्षणमा लाग्ने जागरण गराउँछ ।

**वातावरणीय प्रभाव (Environmental Effect)**

कुनै पनि मानवीय कार्यले वातावरणमा पर्ने अनुकूल तथा प्रतिकूल प्रभावलाई वातावरणीय प्रभाव भनिन्छ । उद्योग, सडक निर्माण, रासायनिक वा कीटनाशक विषादीको प्रयोगले वातावरणमा नकारात्मक असर पुऱ्याउँछ ।

**लोप (Extinction)**

वन तथा वासस्थान विनाश, विषादीको प्रयोग, प्राकृतिक प्रकोप, चोरी सिकार आदिका कारण कुनै जीव पृथ्वीबाट नाश हुनुलाई लोप भनिन्छ ।

**विश्व वन्यजन्तु कोष (World Wildlife Fund, WWF)**

पृथ्वीका दुर्लभ जीव तथा प्राकृतिक स्रोतहरूको जगेर्ना गर्न र जैविक विविधता संरक्षण गर्न बनेको संस्थालाई विश्व वन्यजन्तु कोष भनिन्छ ।

**वायु मिल (Wind Mill)**

वायु ऊर्जालाई उपयोग गर्ने गरी ठुला ठुला पाता भएको बतासले घुमाउने अग्लो संयन्त्रलाई वायु मिल भनिन्छ ।

**वायु शक्ति (Wind Power)**

हावाको प्रयोगबाट उत्पन्न भएको शक्तिलाई वायु शक्ति भनिन्छ । हावाबाट यान्त्रिक तथा विद्युतीय शक्ति उत्पादन गर्न सकिन्छ ।

**विश्वव्यापी उष्णता (Global Warming)**

विभिन्न कारणले पृथ्वीको औसत तापक्रम बढ्ने प्रक्रियालाई विश्वव्यापी उष्णता भनिन्छ । वायु मण्डलमा कार्बनडाइअक्साइड, नाइट्रस अक्साइड, मिथेन आदि ग्यासहरूको मात्रामा वृद्धि भई पृथ्वीको सरदर तापक्रम बढाउन भूमिका खेल्दछन् ।

**विकिरण (Radiation)**

सौर्य ऊर्जा झैँ रेडियो सक्रिय वस्तुबाट निक्लने किरण (जस्तै : अल्फा, विटा, गामा) लाई विकिरण

भनिन्छ ।

**विविधता (Diversity)**

कुनै पनि वासस्थानमा पाइने अनेक किसिमका बोट बिरुवा र जीवजन्तुहरूलाई विविधता भनिन्छ ।

**वैकल्पिक ऊर्जा (Alternative Energy)**

जीवाश्म इन्धन जस्ता परम्परागत इन्धनका स्रोतहरूबाहेक अन्य स्रोतहरूबाट उत्पन्न ऊर्जा, शक्तिहरूलाई वैकल्पिक ऊर्जा भनिन्छ, जस्तै : सौर्य ऊर्जा, भौगर्भिक ऊर्जा, ज्वारभाटा, गोबर ग्यास, जलशक्ति आदि ।

**वैकल्पिक प्रविधि (Alternative Technology)**

वातावरणमा खलल नपर्ने गरी स्रोतको न्यूनतम खपत गर्ने प्रविधिलाई वैकल्पिक प्रविधि भनिन्छ ।

**वृक्षरोपण (Afforestation)**

पहिले वन नभएको वा पर्ती जग्गामा रुख बिरुवा रोप्ने कार्यलाई वृक्षरोपण भनिन्छ ।

**शीतोष्ण जलवायु (Temperate Climate)**

समुद्र सतहबाट 1500 मी. देखि 2500 मी. सम्मको उचाइमा जलवायु प्राय: ठण्डा रहने हुनाले त्यस्तो हावापानी/जलवायुलाई शीतोष्ण जलवायु (temperate climate) भनिन्छ ।

**सङ्कटासन्नता (Vulnerability)**

जलवायु विषमता लगायत जलवायु परिवर्तनका प्रतिकूल असरप्रति प्राकृतिक तथा मानव सिर्जित प्रणालीको संवेदनशीलता तथा पर्न सक्ने क्षमतालाई सङ्कटासन्नता भनिन्छ ।

**समताप मण्डल (Stratosphere)**

पृथ्वीबाट १६ देखि ५० की.मी. माथिसम्म फैलिएको वायु मण्डलको तहलाई समताप मण्डल भनिन्छ। यस मण्डलको बिचमा ओजोनको पातलो एउटा तह छ । यसले सूर्यबाट आउने परावैजनी किरणहरूलाई रोकी पृथ्वीको जीवहरूको रक्षा गर्छ ।

**स्वच्छ पानी (Fresh Water)**

विभिन्न प्राकृतिक स्थलमा उपलब्ध नुनको मात्रा अत्यन्त कम भएको पानीलाई स्वच्छ पानी पनि भनिन्छ ।

**सरसफाइ (Sanitation)**

स्वास्थ्य वा अन्य जीवहरूमा समेत असर पर्ने अनावश्यक वस्तु वा फोहोर मैलालाई व्यवस्थित रूपमा बाहिर निकाली वातावरण स्वच्छ र सुरक्षित तुल्याउने कार्यलाई सरसफाइ भनिन्छ ।

**समयानुकूलन (Resilience)**

जलवायु परिवर्तनले पारेको असरलाई कम गरी वातावरण र पारिस्थितिक प्रणालीलाई पुरानै प्राकृतिक अवस्थामा लैजान गरिने कार्यलाई समयानुकूलन भनिन्छ ।

**सहरी वन (Urban Forestry)**

सहरी क्षेत्रको वातावरणलाई स्वच्छ पार्न तथा हरियाली प्रदान गर्न लगाइने वनलाई सहरी वन भनिन्छ। यसले वायु तथा ध्वनि प्रदूषण नियन्त्रणका लागि सहयोग पुऱ्याउँछ ।

**सहरीकरण (Urbanization)**

सेवा र सुविधा सम्पन्न धेरै जनता बस्ने थलोका रूपमा विकसित अवस्था, पूर्वाधारहरूको विकास भई गाउँबाट ठुलो सङ्ख्यामा बाक्लो मानव वस्ती भएको ठाउँमा सहरमा बसाइँ सरी सहर निर्माण हुने प्रक्रियालाई सहरीकरण भनिन्छ ।

**सहरी प्रदूषण (Urban Pollution)**

सहरी क्षेत्रमा हुने विभिन्न किसिमका प्रदूषणहरूलाई समष्टिगत रूपमा सहरी प्रदूषण भनिन्छ । घरायसी फोहोर मैला तथा मोटर गाडीको धुलो र धुवाँ सहरी प्रदूषणका प्रमुख कारण हुन् ।

**समुदायमा आधारित अनुकूलन (Community Based Adaptation)**

समुदायमा भएको जलवायु परिवर्तनअनुसार आफ्नो जीवन शैलीलाई सञ्चालन गर्नु; समुदायमा उपलब्ध भएका साधन र स्रोतको परिचालन गरी आफ्नो जीवन निर्वाह गर्नु समुदायमा आधारित अनुकूलन हो।

**समशीतोष्ण जलवायु (Subtropical Climate)**

समुद्र सतहबाट 1000 मी. देखि 1500 मी. सम्मको उचाइमा गर्मी र चिसो मिश्रित अवस्था रहने हुनाले त्यस्तो हावापानी/जलवायुलाई समशीतोष्ण जलवायु (subtropical climate) भनिन्छ । नेपालमा हेटौँडा, धरान, इत्यादी समशीतोष्ण जलवायु रहने ठाउँ हुन् ।

**स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism CDM)**

वायु मण्डलबाट कार्बनडाइअक्साइड ($CO_2$) घटाउने खालका परियोजनाहरू (सुधारिएको चुलो, गोबर ग्यास) विकासोन्मुख देशमा सञ्चालन गर्ने विकसित देशहरूले लगानी गर्ने प्रक्रियालाई CDM भनिन्छ । विकासोन्मुख राष्ट्रहरूले घटाएको carbon का आधारमा आएका कार्बन क्रेडिट चाहिँ लगानी गर्ने देशले लिन पाउँछन् ।

**संयुक्त कार्यान्वयन (Joint Implementation)**

विकाशोन्मुख देशमा हरित गृह ग्यास उत्सर्जन घटाउने प्रविधि तथा आयोजनाहरू विकसित राष्ट्रहरूसँग मिलेर सञ्चालन गर्ने प्रक्रियालाई संयुक्त कार्यान्वयन भनिन्छ ।

**सूक्ष्म जलवायु (Micro-Climate)**

पृथ्वीको सतह नजिकैको स्थानीय जलवायुलाई सूक्ष्म जलवायु भनिन्छ ।

**स्वपोषी/स्वपोषित (Autotroph)**

आफ्नो खाना आफैँ शरीरमा तयार गर्न सक्ने जीवलाई स्वपोषी भनिन्छ, जस्तै : हरित वनस्पतिहरू । यिनीहरूले हरित कणको सहयोगमा प्रकाश संश्लेषण क्रियाका माध्यमबाट आफ्नो खाना आफैँ तयार गर्दछन् ।

**संरक्षण (Conservation)**

स्रोतको विवेकपूर्ण प्रयोग तथा निरन्तरता र त्यसको गुणात्मक पक्षलाई कायम राख्न सकिने योजना तथा व्यवस्थापन; दिगो हुने किसिमबाट प्रणालीको प्रयोग, कुनै पनि वस्तुको अभिवृद्धि गर्नु संरक्षण हो ।

**स्वच्छ जलीय पारिस्थितिक प्रणाली (Fresh Water Ecosystem)**

नुनको मात्रा अत्यन्त कम भएका नदी, ताल, पोखरी आदिमा जैविक तथा अजैविक वस्तुहरूको अन्तरसम्बन्धबाट निर्माण हुने पारिस्थितिक प्रणालीलाई स्वच्छ जलीय पारिस्थितिक प्रणाली भनिन्छ ।

**सिमसार (Wetland)**

पृथ्वीका भूमण्डलमा त्यस्ता भूभागहरू जसको सतहमा प्राय: जहिले पनि पर्याप्त पानी रहेको र निश्चित समयमा विभिन्न स्रोतहरूबाट पानी थप भई फरक किसिमका जीवजन्तु र सिमपारिस्थितिक पद्धति (wetland ecosystem) चलिरहेको क्षेत्रलाई सिमसार भनिन्छ ।

**सुधारिएको चुलो (Improved Cook Stove)**

परम्परागत तिन चम्के चुलाको तुलनामा कम इन्धन लाग्ने तथा चिमनीबाट धुवाँ बाहिर फ्याँक्ने परिस्कृत चुलोलाई सुधारिएको चुलो भनिन्छ । यसले काठ दाउराको कम प्रयोग भई धुवाँ पनि कम निस्कन्छ ।

### स्वस्थानीय संरक्षण (In–situ conservation)

जीवजन्तु तथा वनस्पतिलाई उनीहरूकै वासस्थान वा वातावरणमा संरक्षण गर्ने कार्यलाई स्वस्थानीय संरक्षण भनिन्छ, जस्तै : विभिन्न संरक्षित क्षेत्रहरू - बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज आदिमा गरिएका संरक्षण प्रक्रिया स्वस्थानीय संरक्षण हुन् ।

### सौर्य ऊर्जा (Solar Energy)

सूर्यको प्रकाश तथा प्रयोग गरी उत्पादन गरिएको शक्तिलाई सौर्य ऊर्जा भनिन्छ । सौर्य ऊर्जाबाट उत्पादित विद्युत् विभिन्न काममा प्रयोग हुन्छ ।

### सौर्य विकिरण (Solar Radiation)

सूर्यबाट उत्पन्न हुने तापीय विकिरणलाई सौर्य विकिरण भनिन्छ ।

### हरित गृह ग्यास (Greenhouse Gases)

तापक्रम सञ्चय गर्ने कार्बनडाइअक्साइड, नाइट्रोस अक्साइड, मिथेन, पानीका बाफ जस्ता ग्यासहरूलाई हरित गृह ग्यास भनिन्छ ।

### हरित गृह प्रभाव (Green House Effect)

हरित गृहमा झैँ ताप सञ्चय गर्ने हरित गृह ग्यासहरूका कारण पृथ्वीको तापक्रम वृद्धि हुने प्रक्रियालाई हरित गृह प्रभाव भनिन्छ ।

### हिम नदी (Glaciers)

उच्च हिमाली भेगमा रहेका हिमरेखाभन्दा माथिको हिउँ तथा बरफका विशाल ढिक्काहरू र यसले ओगटेको क्षेत्रहरूलाई हिम ढिक्का भनिन्छ ।

### ह्यालो कार्बन (Halo Carbon)

एक वा एकभन्दा बढी कार्बन परमाणुसँग हेलोजन परमाणु (जस्तै : फ्लोरिन (F), क्लोरिन (Cl), ब्रोमिन (Br), आयोडिन (I) मिलेर बनेको यौगिक ग्यासलाई ह्यालो कार्बन भनिन्छ ।

### हावाका माध्यमबाट सर्ने रोग (Airborne Disease)

हावाका माध्यमद्वारा एक जीवबाट अर्को जीवमा सर्ने रोग, श्वास प्रस्वास क्रियामार्फत यस्ता रोगहरू सर्दछन् ।

### हरित कण (Chlorophyll)

प्रकाश संलेषण प्रक्रियामा सौर्य किरण सोस्न बोट बिरुवाका पात तथा डाँठमा पाइने हरियो वस्तुलाई हरित कण भनिन्छ ।

### हरित पेटिका (Green Belt)

कुनै स्थानलाई घेर्ने वरिपरिबाट बोट बिरुवा लगाइको क्षेत्र, कृषि क्षेत्र, पार्क वा वन जस्ता क्षेत्रलाई हरित पेटिकालाई हरित पेटिका भनिन्छ । यसले सहरी वातावरणलाई सन्तुलनमा राख्न तथा प्रदूषण नियन्त्रण गर्न सघाउ पुऱ्याउँछन् ।

### हरित मल (Green Manure)

माटाको उर्वरा शक्ति बढाउन विशेष खालका बाली लगाई खेतबारी खनजोत गर्दा माटामै पुरेर तयार गरिने मललाई हरित मल भनिन्छ, जस्तै : ढैँचा, सनपाट, कोशेबालीहरू हरित मलका लागी उपयुक्त वनस्पति हुन् ।

### हरित उपभोक्ता (Green Consumer)

कुनै पनि वस्तु उपभोग गर्दा त्यसबाट पर्ने वातावरणीय असरप्रति सचेत व्यक्ति (जस्तै

: कुनै पनि वस्तु पोको पार्न प्लास्टिक, पोलिथिन ब्यागको प्रयोग नगर्ने र विषादी, रासायनिक मल प्रयोग गरेको खाद्यान्न नकिन्ने व्यक्ति) लाई हरित उपभोक्ता भनिन्छ ।

### हरित गृह (Greenhouse)

विभिन्न प्रकारका बोट बिरुवाहरूलाई बेमौसममा हुर्काउन बनाइएको र ताप तथा आद्रता नियन्त्रण गरिएको काँच तथा प्लास्टिकको घरलाई हरित गृह भनिन्छ ।

### वायु प्रदूषण (Air Pollution)

हावाको बनोटमा परिवर्तन हुने गरी बाह्य वस्तुहरू मिली जीवहरूको स्वास्थ्यमा प्रतिकूल असर पुग्ने अवस्थाको हावाको स्थितीलाई हावा तथा वायु प्रदूषण भनिन्छ ।

### हावाहुरी (Storm)

कुनै ठाउँ विशेषको मौसममा परिवर्तन भई ३२ माइल प्रतिघण्टा भन्दा बढीको वेगमा बहेको हावालाई हावाहुरी भनिन्छ । हावाहुरी चल्दा अत्यधिक हावा चल्ने, पानी पर्ने एवम् असिना पर्ने तुफान आउने हुन्छ । हावाहुरीले मानवीय क्षति पनि गर्न सक्छ ।

### हिउँ (Snow)

वायु मण्डलको माथिल्लो भागको तापक्रम कम हुन गई जलवाष्प जमी वर्षाको पानी ठोस अवस्थामा हिउँका रूपमा लिइन्छ ।

### हिम युग (Ice Age)

लामो समयसम्म पृथ्वीको ठुलो भूभाग हिउँले ढाकेको थियो, त्यस युगलाई हिम युग भनिन्छ ।

### हिम गलन (Snow Melting)

हिउँ पग्लने प्रक्रियालाई हिम गलन भनिन्छ । यसलाई विभिन्न तत्त्वहरूले प्रभाव पार्दछन् । यसरी हिम पग्लेर पानी भई सतह लिँदै बग्ने हुन्छ, यसलाई हिम वहाव (snow melt) भनिन्छ ।

### हिमताल विष्फोटन (Glacier Lake out Burst)

हिमपात भइरहँदा माथि परेको हिमको चाप र गुरुत्व दुवैले गर्दा हिम आफैँ पनि सर्दै तल झर्दछ । यसो हुँदा यस्तो खस्कँदै गरेको हिमले अलि कम उचाइको जमिनको सतहलाई पनि ठेल्दछ । कहिले काहीँ हिमालयको फेदीमा आफैँ पनि गल्छी तथा खाल्डाहरू हुन्छन् । यिनीहरू बिस्तारै हिमताल बन्दछन् । यसरी बनेका हिमतालहरूको डिल कमजोर रहने हुँदा यिनीहरू फुट्ने हुन्छ । यस्ता हिमताल फुट्नुलाई नै हिमताल विष्फोटन भनिन्छ ।

### हिमाली जलवायु (Sub-alpine Climate)

समुद्र सतहबाट 2500 मी. देखि 4000 मी. सम्मको क्षेत्रहरू जहाँ अत्यधिक चिसो र सधैँ मानव बसोबास कठिन हुन्छ, त्यस्तो ठाउँको हावापानीलाई हिमाली जलवायु (Sub-alpine climate) भनिन्छ ।

### हिउँदे खडेरी (Winter Drought)

कुनै स्थानमा सामान्यत: हिउँद् महिनामा हुने वर्षामा व्यापक कमी भई वा वर्षात् नहुँदा साथै जमिन मुनिको पानीको सतह पनि घट्दै जानु र यसले गर्दा वातावरणको तापक्रम बढ्दै गएको अवस्थालाई हिउँदे खडेरी (winter drought) भनिन्छ ।

## अनुसूची (Index)


| |
|---|
| A forestation - वृक्षरोपण |
| Acid Rain - अम्ल वर्षा |
| Adaptation - अनुकूलन |
| Agriculture - कृषि |
| Agroforestry - कृषि वन |
| Air Pollutant - वायु प्रदूषक |
| Air Pollution - वायु प्रदूषण |
| Airborne Disease - हावाका माध्यमबाट सर्ने रोग |
| Alpine Climate - उच्च हिमाली जलवायु |
| Alternative Energy - वैकल्पिक ऊर्जा |
| Alternative Technology - वैकल्पिक प्रविधि |
| Animal - जनावर |
| Animal Manure - गोबर मल |
| Anthropogenic - मानव सिर्जित |
| Aquatic Ecosystem - जलीय पारिस्थितिक प्रणाली |
| Atmosphere - वायु मण्डल |
| Autotroph - स्वपोषी/स्वपोषित |
| Bagasse - खोइला |
| Bali Action Plan - बाली कार्य योजना |
| Behaviour - चाल चलन |
| Biodiversity - जैविक विविधता |

| |
|---|
| Bio-energy - जैविक ऊर्जा |
| Bio-gas - जैविक ग्यास |
| Biosphere - जीव मण्डल |
| Biosphere Reserve - जीव मण्डल आरक्ष |
| Biotic-component - जैविक अवयव |
| Cancun Agreement - क्यानकुन सम्झौता |
| Carbon Sequestration - कार्बन अवशोषण |
| Carbon Foot Print - कार्बन पद चिह्न |
| Carbon Pool - कार्बन भण्डार |
| Carbon Sink - कार्बन सञ्चय |
| Carbon Stock - कार्बन मौज्दात |
| Carbon Trading - कार्बन व्यापार |
| Carbondioxide, $CO_2$ - कार्बन डाइअक्साइड |
| Carrying Capacity - वहन क्षमता |
| Charcoal - गोल |
| Chemical Fertilizer - रासायनिक मल |
| Chemical Pollution - रासायनिक प्रदूषण |
| Chlorophyll - हरित कण |
| Choloflоro Carbon - क्लोरोफ्लोरो कार्बन |
| Clean Development Mechanism, CDM - स्वच्छ विकास सयन्त्र |
| Climate - जलवायु |
| Climate Change - जलवायु परिवर्तन |

| |
|---|
| Climate Friendly Development - जलवायु मैत्री विकास |
| Climate Policy - जलवायु नीति |
| Climate System - जलवायु प्रणाली |
| Cloud - बादल |
| Coal - कोइला |
| Community Based Adaptation - समुदायमा आधारित अनुकूलन |
| Compost - कम्पोस्ट |
| Conference of parties the supreme body of the conventions, COP - पक्ष राष्ट्रहरूको सम्मेलन |
| Conservation - संरक्षण |
| Cyclone - चक्रवात |
| Deforestation - वन विनाश |
| Desert - मरुभूमि |
| Desertification - मरुभूमीकरण |
| Disaster - बिपद् |
| Disaster Management - प्रकोप व्यवस्थापन |
| Disease - रोग |
| Diversity - विविधता |
| Domestic Sewerage - घरायसी फोहोर पानी |
| Domestic Waste - घरायसी फोहोर मैला |

| |
|---|
| Drinking Water - खानेपानी |
| Drought - खडेरी |
| Dust - धुलो |
| Earth - पृथ्वी |
| Eco-development - पारिस्थितिक विकास |
| Ecological Impact - पारिस्थितिक प्रभाव |
| Ecological Sustainable Balance - पारिस्थितिक दिगो सन्तुलन |
| Ecosystem - पारिस्थितिक पद्धति |
| Ecosystem Based Adaptation - पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन |
| Ecosystem Diversity - पारिस्थितिक प्रणालीको विविधता |
| Emission - उत्सर्जन |
| Encroachment - अतिक्रमण |
| Energy - ऊर्जा |
| Energy Conservation - ऊर्जा संरक्षण |
| Energy Cycle - ऊर्जा चक्र |
| Energy Source - ऊर्जा स्रोत |
| Environment - वातावरण |
| Environmental Education - वातावरणीय शिक्षा |
| Environmental Effect - वातावरणीय प्रभाव |

| |
|---|
| Epidemic - माहामारी |
| Evaporation - वाष्पीकरण |
| Exosphere - बाह्य मण्डल |
| Ex–situ Conservation - परस्थानीय संरक्षण |
| Extinction - लोप |
| Famine - भोकमरी, अनिकाल |
| Fault - चिरा |
| Fertilizer - मलखाद |
| Flood - बाढी |
| Fog - कुहिरो |
| Food chain - खाद्य शृङ्खला |
| Food Insecurity - खाद्य असुरक्षा |
| Food Web - खाद्य जाल |
| Forest - वन |
| Forest Degradation - वन क्षयीकरण |
| Forest Ecosystem - वन पारिस्थितिक प्रणाली |
| Forest Fire - वन डँढेलो |
| Forest Management - वन व्यवस्थापन |
| Fossil - जीवाशेष |
| Fossil Fuel - जीवाश्म इन्धन |
| Fragile Earth - कोमल पृथ्वी |
| Fragile Ecosystem - कोमल पारिस्थितिक प्रणाली |
| Fragile Land - फ्रेजाइल भूमि |

| |
|---|
| Fresh Water - स्वच्छ पानी |
| Fresh Water Ecosystem - स्वच्छ जलीय पारिस्थितिक प्रणाली |
| Frost - तुषारो |
| Fume - धूम |
| Geographical Map - भौगोलिक नक्सा |
| Geography - भूगोल |
| Geological Time - भौगर्भिक समय |
| Geology - भूगर्व विज्ञान |
| Geo-thermal Energy - भूतापीय ऊर्जा |
| Glacier Lake out Burst - हिमताल विष्फोटन |
| Glaciers - हिम नदी |
| Global Warming - विश्वव्यापी उष्णता |
| Grassland - चरन क्षेत्र |
| Grazing Food Chain - चरन आहारा शृङ्खला |
| Grazing Management - चरन व्यवस्थापन |
| Green Belt - हरित पेटिका |
| Green Consumer - हरित उपभोक्ता |
| Green House Effect - हरित गृह प्रभाव |
| Green Manure - हरित मल |
| Greenhouse - हरित गृह |
| Greenhouse Gases - हरित गृह ग्यास |
| Ground Cover - भूआवरण |
| Ground Water - भूमिगत जल |

Habitat - वासस्थान

Halo Carbon - ह्यालो कार्बन

Heavy Rainfall - अतिवृष्टि

Humidity - आद्रता

Hydrological Cycle - जलीय चक्र

Hydrosphere - जल मण्डल

Ice Age - हिम युग

Improved Cook Stove - सुधारिएको चुलो

Indigenous - रैथाने

Industrial Pollution - औद्योगिक प्रदूषण

Industrial waste - औद्योगिक फोहोर मैला

Industrialization - औद्योगिकीकरण

Insecticide - कीटनाशक विषादी

In–situ conservation - स्वस्थानीय संरक्षण

Intergovernmental panel on Climate Change, IPCC - आई. पी. सी. सी.

International Union for Conservation Natural and Nature Resources, IUCN - आई.यु.सी.एन., विश्व संरक्षण सङ्घ

Inundation - डुबान

Invasive Species - मिचाह प्रजाति

Joint Implementation - सयुंक्त कार्यान्वयन

Kala Patthar Declaration - काला पत्थर घोषणा पत्र

Kyoto protocol - क्योटो प्रोटोकल (संयन्त्र)

Local Adaptation Plans for Action, LAPA - स्थानीय अनुकूलन कार्य योजना, लापा

Loss of Biodiversity - जैविक विविधता ह्रास

Man made - मानव निर्मित

Mesopshere - मध्य मण्डल

Methane Gas - मिथेन ग्यास

Micro-Climate - सूक्ष्म जलवायु

Micro-organism - जीवाणु

Mitigation - न्यूनीकरण

National Adaptation Program of Action, NAPA - राष्ट्रिय अनुकूलन कार्यक्रम, नापा

Natural Disaster - प्राकृतिक प्रकोप

Nitrous oxide, $N_20$ - नाइट्रस अक्साइड

Non-renewable Energy - अनवीकरणीय ऊर्जा

Nuclear Energy - आणविक ऊर्जा

Nuclear Radiation - आणविक विकिरण

Offseason Rainfall - बेमौसमी वर्षा

Organic Farming - जैविक खेती

Outer sphere of earth - पृथ्वीको बाह्य मण्डल

Ozone - ओजोन

Ozone depletion - ओजोन तहको विनाश

Parts Per Million, PPM - पी.पी.एम.

| |
|---|
| Polluter's Pay Principle - प्रदूषण कर सिद्धान्त |
| Radiation - विकिरण |
| Recycle - पुनः प्रशोधन |
| Reducing Emissions from Deforestation and forest degradation, REDD - वन फडानी र वनको विनाशबाट हुने कार्बन उत्सर्जनको कटौती, रेड |
| Renewable Energy - नवीकरणीय ऊर्जा |
| Renewable Resource - नवीकरणीय स्रोत |
| Resilience - समयानुकूलन |
| Reuse - पुनः प्रयोग |
| Rio + 20 - रियो + २० |
| Risk Reduction - जोखिम न्यूनीकरण |
| Sanitation - सरसफाइ |
| Smoke - धुवाँ |
| Snow - हिउँ |
| Snow Melting - हिम गलन |
| Soil - माटो |
| Soil Conservation - माटो संरक्षण |
| Soil Degradation - माटो विनाश |
| Soil Erosion - भूक्षय |
| Soil Fertility - माटाको उर्वरता |
| Solar Energy - सौर्य ऊर्जा |

| |
|---|
| Solar Radiation - सौर्य विकिरण |
| Solid Waste - फोहोर मैला |
| Species - प्रजाति |
| Storm - हावाहुरी |
| Strategic Program for Climate Resilience, SPCR - जलवायु परिवर्तन समानुकुलन रणनीतिक कार्यक्रम |
| Stratosphere - समताप मण्डल |
| Sub-alpine Climate - हिमाली जलवायु |
| Subtropical Climate - समशीतोष्ण जलवायु |
| Sustainable Development - दिगो विकास |
| Sustainable Forest Management - वनको दिगो व्यवस्थापन |
| Sustainable Society - दिगो समाज |
| Sustanable Use - दिगो प्रयोग |
| Temperate Climate - शीतोष्ण जलवायु |
| Temperature - तापक्रम |
| Traditional Agronomy - परम्परागत खेती |
| Tropical Climate - उष्ण जलवायु |
| Troposphere - निम्न मण्डल |
| Ultraviolet Rays - परावैजनी किरण |
| United Nations Framework Convention on Climate Change, UNFCCC - यु.एन.एफ.सी.सी.सी. |

| |
|---|
| **Urban Forestry -** सहरी वन |
| **Urban Pollution -** सहरी प्रदूषण |
| **Urbanization -** सहरीकरण |
| **Vegetation -** वनस्पति |
| **Volcano -** ज्वालामुखी |
| **Vulnerability -** सङ्कटासन्नता |
| **Water Balance -** जल सन्तुलन |
| **Water Cycle -** जलचक्र |
| **Water Pollution -** जल प्रदूषण |
| **Water Purification -** जल शुद्धीकरण |
| **Water Resources -** जल स्रोत |
| **Water Source -** पानीको मुहान |
| **Water Vapour -** जल वाष्प |
| **Watershed -** जलाधार |
| **Weather -** मौसम |
| **Wetland -** सिमसार |
| **Wildlife -** वन्यजीव |
| **Wind -** बतास |
| **Wind Mill -** वायु मिल |
| **Wind Power -** वायु शक्ति |
| **Winter Drought -** हिउँदे खडेरी |
| **World Wildlife Fund, WWF -** विश्व वन्यजन्तु कोष |